Regd. No. 1300/067/068
PAN: 600232009

# हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
# Hydroelectricity Investment And Development Company Ltd.

(नेपाल सरकारको स्वामित्व रहेको वित्तीय संस्था)

प.सं. ०८१/८२
च.नं. (Ref. No.): ३६०

मितिः २०८१/०९/२५

श्री नेपाल स्टक एक्स्चेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाण्डौ।

**विषयः तेह्रौं वार्षिक साधारण सभाको काम कारवाही बारे जानकारी सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा यस हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको तेह्रौं वार्षिक साधारण सभा मिति २०८१/०९/२४ गते बुधबार कार्की ब्याङ्केट, बबरमहल, काठमाण्डौमा सञ्चालक समितिका अध्यक्ष एवम् नेपाल सरकार, ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री सुरेश आचार्यको अध्यक्षतामा सम्पन्न भयो। साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षले प्रस्तुत गर्नु भएको कम्पनीको वार्षिक प्रतिवेदन सहित देहायका प्रस्तावहरु पारित भयोः

**(क) साधारण प्रस्ताव**

१) सञ्चालक समितिका अध्यक्षले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गरियो।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०८०/८१ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल गरी पारित गरियो।

३) श्री महालेखापरीक्षकको कार्यालयबाट परामर्श प्रदान गरिए बमोजिमका लेखापरीक्षक नियुक्त गर्न र गत वर्षको भन्दा वृद्धि नहुने गरी निजको पारिश्रमिक निर्धारण गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय भयो।

४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई चुक्ता पूँजीको ५.२५% (पाँच दशमलव दुई पाँच प्रतिशत) का दरले हुने रू. १,२८९,३९०,२०२ (अक्षरेपी एक अर्ब अठ्ठाइस करोड त्रियानब्बे लाख नब्बे हजार दुई सय दुई मात्र) नगद लाभांश (कर सहित) नेपाल सरकारको स्वीकृति लिएर वितरण गर्ने प्रस्ताव पारित गरियो।

५) संस्थापक समूह अन्तर्गतको उपसमूह क-२ का अन्य संस्थापक शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने १ जना सञ्चालकको निर्वाचन गर्ने प्रस्ताव पारित गरी भएको निर्वाचन प्रकृयाबाट अधिकतम मत प्राप्त गरी श्री अनुज्ञा सापकोटा सञ्चालक पदमा निर्वाचित हुनुभएको छ।

**(ख) विशेष प्रस्ताव**

१) कम्पनीको प्रवन्धपत्रमा संशोधन गर्ने प्रस्ताव पारित गरियो।

२) कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा कम्पनीबाट रु. १० लाख खर्च भएकोमा सो को अनुमोदन गर्ने प्रस्ताव पारित गरियो।

तेह्रौं वार्षिक साधारण सभाको माइन्युटको पूर्ण विवरण कम्पनीको वेबसाइट www.hidcl.org.np मा पछि प्रकाशित गरिनेछ।

जीवन कुमार बस्नेत
नायव प्रमुख कार्यकारी
अधिकृत/कम्पनी सचिव